# पिछडावर्ग (OBC) को कार्यपत्र २०६८

**प्रस्तोताको परिचय :**


नाम : जय प्रकाश महतो
ठेगाना : विराटनगर-१६ मोरङ्ग
मोवाइल नं. : ९८५२०२७३४७, ९८४२१२६८१४
संस्था : नेपाल पिछडावर्ग (OBC) महासंघ
जिल्ला सचिव, मोरङ्ग
राजनैतिक पार्टी : राष्ट्रिय जनता दल नेपाल
जिल्ला सचिव, मोरङ्ग
संस्था : नेपाल कुशवाहा महासंघ
संयोजक, केन्द्रिय प्रचार प्रसार समिति
संस्था : गरिबी निवारण तथा वातावरण सम्बर्द्धन केन्द्र विराटनगर
जिल्ला सचिव मोरङ्ग


## १) पिछडावर्ग (OBC) को परिचय :-

i) वि.स. २०५८ को तथ्याङ्क बमोजिम पिछडावर्गको जनसंख्या १८% रहेको ।

ii) जातहरुको नाम :- कुशवाहा, कुर्मी, कुम्हार, कहार, केवट, कानु, कल्वार, नुनिया, वनिया, भेडीहर, माली, मलाह, मुस्लमान, बढ़ैई, यादव, राजभर, राजधोब, बर्णवाल, हजाम, केवरत, अमात, रौनियार, तेली, सुडी, सोनार, लोहार, बरैई, लोध, बडै, विन्न ।

iii) राजनैतिक, आर्थिक, समाजिक, सांस्कृतिक, भाषिक रुपमा पछि परेको तथा आदिवासी जनजाति र दलित मा नपरेको जातहरुलाई OBC भनेको ।

iv) २६ जिल्लामा OBC रहेको झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, धनुषा, उदयपुर, सिन्धुली, महोत्तरी, सर्लाही, रौतहट, वारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, गोरखा, कास्की, बाग्लुङ्ग, अर्घाखाँची

v) OBC मा पर्ने सबै जातिहरु (मुस्लिम वाहेक) को एउटै भाषा, पोशाक, धर्म र सांस्कृतिक रहेको ।

vi) OBC को भाषा, भुगोल अनुसार **मगही, भोजपुरी, अवधि** रहेको साथै मुस्लिम समुदायको **उर्दु** भएको ।

vii) पोशाक :- धोती कुर्ता, गमछा, पगरी, साडी, व्लाउज र पेटीकोट भएको ।

viii) सांस्कृतिक पहिचान :- (जितिया, चौठीचान, लँगपाँचे, घडी पवनी, भरजुतिया, सिरुवा (( (जुरसितल) जाटजटिन, समाचकेवा, कृष्ण जन्माष्ठमी, नाच नाटक, विवाहको गीत, छठ, इन्द्रजात्रा रहेको ।

ix) पिछडावर्गको ऐतिहासिक स्थलहरु अहिले पनि कायम रहेको ।

## २) पिछडावर्ग (OBC) को समस्या :-

i) पिछडावर्ग (OBC) को भाषा तथा सांस्कृतिकको संरक्षणको समस्या रहेको ।

ii) वेरोजगारीको कारण आर्थिक समस्या रहेको ।

iii) आर्थिक अभावको कारण शैक्षिक अवस्था कमजोर रहेको ।

iv) राजनैतिक चेतनाको अभावको कारण राजनैतिक निर्णय कार्यान्वयन गर्न नसकेकोले सामाजिक समस्या भएको ।

v) पिछडावर्ग (OBC) जातिको परम्परागत पेशाको संरक्षण तथा प्रर्वद्धन नहुँदा सम्बन्धित जातिको आर्थिक समस्या भएको ।

vi) "मधेशी" कुनै जात, क्षेत्र, लिङ्ग, वर्ग, धर्म नभएतापनि मधेशीको नाममा आरंक्षण दिनु OBC मा पर्ने जातिहरुको समस्या बढाउनु मात्र रहेको ।

vii) मौलिक अधिकारको समस्या भएको ।

viii) पिछडावर्ग (OBC) को जातिय सुचिकृत नभएको समस्या

ix) जल, जमिन र जंगलमा अधिकार नभएको कारण सरकारको संवैधानिक निकायमा प्रवेश हुन नसकेको ।

x) नागरिक र नागरिकता बीचको भिन्नता आम पिछडवर्ग OBC मा जानकारी नभएको ।

xi) आर्थिक समस्या रहेको ।

xii) पहिचानको परिभाषा अन्तरिम संविधानमा समेत नरहेको ।

xiii) संविधानको मस्यौदामा पिछडावर्ग आयोग गठन नगरेको ।

## ३) पिछडावर्ग (OBC) को समस्या हुने कारण :

i) पिछडावर्ग OBC लक्षित वर्ग भित्र रहेको कुरा स्थानिय स्तरमा लुकाउन खोजेको र सम्बोधन गर्न नखोजेको ।

ii) सरकारको निति OBC को लागि स्पष्ट नहुनु ।

iii) मधेशी दलहरुले सरकार भित्र वा वाहिरी रहँदा पनि पिछडावर्गको आवाज नउठाएको र OBC लाई स्वीकार नगरेको ।

iv) NGO/INGO ले पिछडावर्गलाई परजिवी बनाएको ।

v) NGO/INGO को कार्यक्रम लक्षित वर्ग सम्म नपुगेको ।

vi) आर्थिक अभावको कारण समाजमा रहेका कुरिती र नकारात्मक सोच यथावत रहेको ।

vii) OBC को परम्परागत पेशाको आधुनिकीकरण सरकारले नगरेको तथा मधेशी दल भनाउँदाले यसको आवाज नउठाएको ।

viii) स्थानिय विकास मन्त्रालयले प्रकाशित गरेको निती लक्षित वर्गलाई थाहा नभएको ।

ix) स्थानिय निकायका कर्मचारी गा.वि.स. सचिवहरुले निती तथा कार्यक्रमको वारेमा जानकारी नगराएको ।

x) स्थानिय विकास मन्त्रालयद्वारा प्रकाशित **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निती** को वारेमा लक्षित वर्गलाई जानकारी नगराएको ।

xi) NGO/INGO हरुले कृत्रिम कार्यक्रम गरेको तर आर्थिक आय आर्जन गर्नको लागि कृषि, पशु, माछापालन, आदिमा विशेष चासो समेत नदेखाएको ।

## ४) राजनैतिक विषय बस्तु :-

i) मौलिक अधिकार, मानवअधिकार, आत्मनिर्णयको अधिकारको विषयमा प्रष्ट जानकारी नभएको कारण संविधानमा यी विषयहरुलाई प्राथमिकता दिएको छैन् ।

उदाहरण :- राजनैतिक ज्ञानको अभाव

नेपालमा सम्पूर्ण जग्गाको वास्तविक स्वामी राज्य/सरकार हो तर विद्यमान कानुनको अनुसार उब्जा/उपभोगको लागि कानुनी स्वामी लालपूर्जा प्राप्त गरेको व्यक्ति हो ।




| | |
|---|---|
| वास्तविक स्वामी | उब्जा/उपभोगको स्वामी |
| सरकार/राज्य | लालपूर्जा वाला व्यक्ति |
| (नागरिकता भएर मात्र पाउने) | (नागरिकता प्राप्त गरेर मात्र पाउने) |

*नोट :- उब्जा वापत लालपूर्जा वाला व्यक्तिले सरकार/राज्यलाई राजस्व मालपोत तिर्ने चलन छ । सरकाले आफनो जग्गा जति वेला पनि अधिकरण कब्जा गर्न सक्छ । ठिक त्यस्तै राजनैतिक अधिकार भनेको मौलिक अधिकार हो । जुन प्राप्त नहुन्जेल सम्म हामी जनता देशको स्वामी हुन सक्दैनौं । सबै नागरिकले नागरिकता प्राप्त गर्न तर सबै नागरिकता प्राप्त गरेको व्यक्ति नागरिक नहुन सक्छ ।*

**ii) मधेशी आयोग र पिछडावर्ग OBC आयोग वीचको भिन्नता :**

"मधेशी" कुनै जात, भाषा, धर्म, क्षेत्र, वर्ग र लिङ्गको नाम होइन, त्यसैले मधेशी आयोगको नामबाट आरक्षरण दिनु अन्तराष्ट्रिय तथा राष्ट्रिय मूल्य मान्यता विपरीत हुन्छ र कसैले यसको विरुद्धमा मुदा सर्वोच्च अदालतमा गरयो भने यसमा विभिन्न किसिमको समस्या आउन सक्छ । किनकि संविधानको मसयौदामा आरक्षण जात, भाषा, धर्म, पोषाक क्षेत्र, लिङ्ग र वर्गलाई समुचित विकास प्रदान गर्नको लागि उल्लेख गरिएको छ । तसर्थ मधेशी आयोग भनेको सामन्ती विचारको परिणाम हो । यो आयोगले समाजमा राजनैतिक विचलन निमत्याउन सक्छ । मधेश क्षेत्रमा बसोवास गर्ने जुनसुकै जात (खस बाहुन, खस क्षेत्री, पहाडी आदिवासी जनजाति, पहाडि दलित, तराईको ब्रहमान र क्षेत्री, राजपुत तराई आदिवासी जनजाति, तराईको दलित, तराईको पिछडावर्ग, मारवाडी) लाई मधेशी भनिन्छ जसमध्ये आदिवासी जनजाति आयोगले तराई र पहाडको आदिवासी जनजातिको, दलित आयोगले तराई र पहाडको दलितलाई प्रतिनिधित्व गर्छ तसर्थ मधेशी आयोगले कुनै जातलाई दोहोरो सुविधा फाइदा दिन्छ भने कुनै जातलाई सुविधा समेतबाट बन्चित गर्न सक्छ । जसको कारण मधेशी आयोग विवादको कारण ओभ्रेलमा पर्न सक्छ ।

"पिछडावर्ग OBC आयोग" नेपालको अरु आयोग जस्तै दलित र आदिवासी जनजाति सरह नै हुन्छ किनकि पिछडावर्ग आयोगले जात, भाषा, धर्म पोशाक र सांस्कृतिक समेतको प्रतिनिधित्व गर्छ। यो आयोग संविधानको मस्यौदामा उल्लेख गरको आरक्षण सम्बन्धिको कानुन भित्र पर्छ।

"मधेशी आयोग धोका हो
पिछडावर्ग OBC आयोग गठन गर।"

पिछडावर्ग OBC आयोगले नेपालको तराई क्षेत्रमा वसोवास गर्ने पिछडावर्गको जातजातीको पहिचान, समानता र स्वतन्त्रतालाई कायम राख्न सकिन्छ।

iii) पिछडावर्ग OBC आयोग गठन पश्चात मात्र पिछडावर्ग OBC मा पर्ने सबै जातजातिहरुको चाडपर्व जस्तै चौठचन, घडीपवनी, छठपुजा, इन्द्रजात्रा, भरजुतिया, समाचकेवा, जाटजटिन, जितिया, कृष्णाजन्माष्ठमी रक्षावन्धन आदिको परम्परागत पहिचानलाई जगेर्ना गर्न सकिन्छ।

**५) संविधान मस्यौदा :-** (स्रोत राज्यको पुर्नसंरचना र राज्य शक्तिको बाँडफाँड समिति)

i) संविधान मस्यौदाको भाग-३२ मा उल्लेख गरिएको **"राज्य पुर्नसंरचना र संघियता सम्बन्धि व्यवस्था"** मा १४ वटा स्वायत प्रदेशमा नेपाललाई विभाजन गरिएको छ।

तालिका :- १ प्रस्तावित राज्य/प्रदेशको जनसंख्या, प्रतिशत, जनधनत्व र मुख्य जातजाति

| क्र.स. | राज्य/प्रदेशको नाम | ग.वि.स. संख्या | कुल जनसंख्याको प्रतिशत | जनधनत्व प्रति वर्ग मिटर | मुख्य जात जातिको प्रतिशत |
|---|---|---|---|---|---|
| १ | लिम्बुवान | २१६ | ४.१ | १०५.७ | लिम्बु २७.५, क्षेत्री १५.१, राई १३.२, बाहुन १२.२ |
| २ | किराँत | २३६ | ४.० | १०६.७ | राई ३४.०, क्षेत्री १९.९, बाहुन ७.४, मगर ६.४, तामाङ्ग ५.९ |
| ३ | शेर्पा | ३६ | ०.४ | १८.७ | शेर्पा ३६.१, तामाङ्ग १६.२, क्षेत्री १२.२, मगर ६.४, नेवार ५.७ |
| ४ | सुनकोसी | १७४ | ३.१ | १३५.८ | क्षेत्री २६.१, तामाङ्ग १४.३, मगर १०.८, बाहुन ९.५, नेवार ९.२ |
| ५ | मिथिला-भोजपुरा-मधेश-कोच | ९४४ | २९.५ | ४७५.१ | यादव ११, मुस्लमान ९.७, पहाडी बाहुन ७.१, थारु ६.४, क्षेत्री ५.२ |
| ६ | ताम्सालिङ्ग | ३१९ | ६.३ | १४३.३ | तामाङ्ग ४३.८, बाहुन १६.०, क्षेत्री १२.०, नेवार ७.१ |
| ७ | नेवा : | ११६ | ७.५ | २०५३.४ | नेवार ३६.२, क्षेत्री १९.२, बाहुन १७.४, तामाङ्ग ८.३, |
| ८ | नारायणी | २६९ | ७.८ | २३५.८ | बाहुन २६.९, क्षेत्री १३.९, मगर ९.८, गुरुङ्ग ८.० |
| ९ | तमुवान | १३८ | २.५ | ४६.८ | गुरुङ्ग ३१.९, बाहुन १९.९, क्षेत्री १३.३, कामी ६.१, मगर ५.० |
| १० | मगरात | ४८१ | ८.९ | १३७.३ | मगर ३४.२, बाहुन १९.२, क्षेत्री १८.१, कामी ९.२, |
| ११ | लुम्बिनी-अबध-थारुवान | २१६ | १६.३ | २४०.१ | थारु २६.०, क्षेत्री १२.८, बाहुन ११.१, मुस्लमान ७.५, मगर ५.६ |
| १२ | कर्णाली | ३१९ | ४.३ | ५५.३ | क्षेत्री ४१.७, कामी १२.५, मगर १२.२, ठकुरी ९.५, बाहुन ९.२ |
| १३ | जडान | ३९ | ०.२ | ३.४ | क्षेत्री ३९.५, शेर्पा १८.५, ठकुरी १२.७, गुरुङ्ग ९.६, |
| १४ | खप्तड | ३१५ | ५.१ | ८५.४ | क्षेत्री ५४.६, बाहुन १३.७, कामी ८.५, ठकुरी ५.४ |

**ii) विशेष संरचना अन्तर्गत स्वायत क्षेत्र :**

संविधान मस्यौदाको अनुसुचि-६ मा उल्लेख भएको स्वायत क्षेत्रको सुचि र नेपालको जनसंख्या २०५८ बमोजिम तथ्याङ्क

| | | |
|---|---|---|
| १. कोचिला (०.४२%) | २. धिमाल (०.१०%) | ३. सन्थाल (०.१९) |
| ४. याक्खा (०.०८ %) | ५. दुरा | ६. दनुवार (पहाड) ०.१२ % |
| ७. थामी (०.११ %) | ८. बरामु (०.०३%) | ९. छन्त्याल (०.०४%) |
| १०. दनुवार (मधेश) (०.११%) | ११. जिरेल (०.०२ %) | १२. व्याँसी (०.०१ %) |
| १३. झाँगड/उराऊ (०.१८ %) | १४. मेचे (०.०२ %) | १५. लेप्चे (०.०२ %) |
| १६. चेपाङ (०.२३ %) | १७. कुमाल (०.४१ %) | १८. पहरी (०.०५ %) |
| १९. माझी (०.३२ %) | २०.थकाली (०.०६ %) | २१. सुनुवार (०.४२ %) |
| २२. सुरेल | २३. हेल्मु | |

जातको नाममा राखिएको प्रदेश र स्वायत क्षेत्रले नेपालमा राजनैतिक विचलन ल्याउनुको साथै संविधान मस्यौदाको भाग-३२ को ३१९ मा "राजनैतिक अग्राअधिकार सम्बन्धि व्यवस्थामा" वाहुल्य रहेको जाती समुदायको सदस्यलाई मुख्य नेतृत्वमा दुई कार्यकाल सम्म प्राथमिकता दिनु पर्ने विषयले समाजिक, राजनैतिक सांस्कृतिक, विचलन ल्याउने छ । कुनै प्रदेश वा स्वायत क्षेत्रको नेतृत्वमा सक्षम, योग्य र कर्मठ व्यक्ति जसलाई जनताले विश्वास गरेको हुन्छ त्यसलाई नेतृत्व दिनुको बदला कुनै जात विशेषलाई नेतृत्वमा दिनु सामाजिक मुल्यमान्यता र भावना विपरित हुन्छ र यस्तो नेतृत्वले राज्य जातिय द्धन्द्धमा फस्न सक्ने संभावना हुन्छ ।

## ६) सुझाव :-

१) नेपाल सरकारले परम्परागत पेशा (जात अनुसार) लाई संरक्षण तथा सम्बर्द्धक नगरी आर्थिक उपार्जन गर्नका लागि नयाँ किसिमको कृत्रिम कार्यक्रम बनाएकोले सो कृत्रिम कार्यक्रम असफल हुँदा नेपाल र नेपाली जनता विशेषगरी भुमिमा काम गर्ने किसानहरुको आर्थिक अवस्था संकटमा परेको छ । जसको परिणाम नेपालको समग्र आर्थिक अवस्था दिनानुदिन कमजोर हुँदै गएको र गरिबीको दर घटनुको सट्टा बृद्धि भएको छ तर नेपालमा रहेको जातहरुको परम्परागत पेशालाई संरक्षण तथा सम्बर्द्धन गर्ने हो भन्ने हाम्रो देशको जनताको आर्थिक अवस्था सुध्रिने, वेरोजगारी समस्या समाधान हुने, परम्परागत शैली समेतको संरक्षण हुने, मौलिक पहिचानलाई यथावत कायम राख्न सकिन्छ ।

| जातको नाम | : परम्परागत शैली/पेशा |
|---|---|
| कुशवाहा/कोइरी | : तरकारी उब्जाउने र बिक्री वितरण गर्ने । |
| यादव | : भैंसी, गाई पाल्ने, दुधको खरिद बिक्रि गर्ने । |
| मल्लाह/केवट | : माछा पालन गर्ने, खरिद बिक्री गर्ने । |
| तेली, सुडी | : दुकान गरेर व्यवसाय गर्ने, वनियानी गर्ने । |
| बढ़ई | : काठको फर्निचर बनाउने, खरिद बिक्री गर्ने । |
| कुम्हार | : भाडाको वर्तन बनाउने खरिद, बिक्री गर्ने । |
| सोनार | : सुनको व्यवसाय गर्ने । |
| नाई | : कपाल काटने । |
| भेडीहर | : भेडाको पालन तथा व्यवसाय गर्ने । |
| माली | : फुलहरु रोप्ने र फुलहरु खरिद, बिक्री गर्ने । |
| लोहार | : फलामको समानहरु निर्माण गर्ने । |

माथि उल्लेखित जातहरुको परम्परागत पेशामा सरकारले लगानी लगाउने हो भने पिछडावर्ग पर्ने जातहरुको आर्थिक उन्नति हुनुको साथै वेरोजगारी समस्याको समाधान समेत हुन्छ र नेपाललाई सफल राज्यको रुपमा विश्व भर चिनाउनमा मदत गर्नेछ ।

२) नेपालमा कार्यरत रहेको NGO/INGO हरुले मुख्य रुपमा पिछडावर्गमा रहेको परम्परागत जातिको पेशालाई संरक्षण तथा प्रवर्द्धन गर्नको लागि तत्काल समाधान हुने किसिमको आय मुलक कार्यक्रम ल्याउनु पर्ने देखिन्छ ।

३) पिछडावर्गको भाषा :- भोजपुरी, अवधी, र मगही भाषालाई प्राथमिक शिक्षामा अनिवार्य लागु गराउनको लागि NGO/INGO हरुले विशेष पहल गर्नु पर्ने देखिन्छ ।

४) NGO/INGO ले “कृषि बजार” व्यवस्था को लागि सरकारसँग माग तथा कार्यक्रम राख्नु पर्ने देखिन्छ ।

५) ३% ब्याजमा कृषि ऋण उपलब्ध गराई कृषकलाई आर्थिक आय उपार्जनको लागि सहयोगको भूमि निर्वाह गर्नु पर्ने देखिन्छ ।

६) “पशु पालन” को लागि पशु ऋण र पशु बिमाको व्यवस्था सस्तो र सुलभ तरिकाले गर्नु पर्ने देखिन्छ ।

७) वालीनालीमा विमा तथा तरकारी बजार समेतको व्यवस्थाको लागि योजनाबद्ध तरिकाले भुमिका निर्वाह गर्नु पर्ने देखिन्छ ।

८) भाडावर्तन बनाउनको लागि आधुनिक सिप निर्माणको लागि विशेष पहल गर्नु पर्ने देखिन्छ ।

९) “माछापालन” को लागि समेत कार्यक्रम दिनु पर्ने देखिन्छ ।

१०) जातिय स्वायत प्रदेश र स्वायत क्षेत्रको वारेमा जनतालाई सचेत गराउनु पर्ने देखिन्छ ।

धन्यवाद !

जय OBC

जय जनता